नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(............................................................................................. शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या : -
चलानी नं. : -

## समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण राष्ट्रिय अभियान दिवस, २०७९

## प्रेस विज्ञप्ती

मार्च ३ का दिन मनाइने **World Wildlife Day** लाई, नेपाल सरकार तत्कालिन वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर) को मिति २०७१/३/६ को निर्णयानुसार **"समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण राष्ट्रिय अभियान दिवस — CBAPU DAY"** को रूपमा समेत मनाउँदै आईएको छ। **"वन्यजन्तु संरक्षणमा सबैको साझेदारिता, चोरी शिकार नियन्त्रणमा युवाको सहभागिता"** भन्ने मूल नाराका साथ, आज, यस वर्षको CBAPU दिवस विभिन्न स्थानहरुमा विभिन्न कार्यक्रम आयोजना गरी मनाइदै छ।

सामुदायिक वन उपभोक्ता समूह, मध्यवर्ती/संरक्षण क्षेत्र उपभोक्ता समिति, मध्यवर्ती/संरक्षण सामुदायिक वन उपभोक्ता समूह लगायतका समुदायमा आधारित समूह/समिति मार्फत वन र वन्यजन्तु संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । पछिल्लो समयमा वन्यजन्तुको चोरी शिकार तथा तिनका अङ्गको अवैध व्यापारका घटनाहरु बढिरहेको सन्दर्भमा आफू, आफ्नो परिवार र साथीभाईलाई; संरक्षणमा सहभागी गराउने, जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, कानून कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न सहजीकरण तथा राहत प्रक्रियामा सहयोग गरी जोखिम न्यूनीकरणमा टेवा पुर्‍याउने उद्देश्यका साथ CBAPU गठन भई स्वयंसेवीरुपमा युवाहरु परिचालन हुँदै आएका छन् ।

यस वर्षको CBAPU दिवसको मूल समारोह, वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवती रमण पौडेलको प्रमुख आथित्यता, मध्यवर्ती क्षेत्र ब्यबस्थापन समिति चितवनका अध्यक्ष प्रकाश ढुंगानाको अध्यक्षता, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालको उपस्थिति र विभिन्न सरोकारवाला एवं साझेदार संस्थाहरुको सहभागितमा, वन र वन्यजन्तु संरक्षण सम्बन्धी सन्देशमूलक तथा चेतनामूलक कार्यक्रमहरु संचालन गरी चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अमलटारीमा सम्पन्न भएको छ । सचिव डा. पौडेलले; वन र वन्यजन्तु संरक्षण निकै फराकिलो, बहुआयामिक, अन्तरक्रियाशील र अन्तरसम्वन्धित विषय भएकाले तीन तहको सरकार, निजि क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र अन्य सरोकारवालाहरु वीचको समन्वय र सहकार्य मार्फत मात्र संभव हुने बताउनु भयो ।साथै, महानिर्देशक डा. ढकालले; वन्यजन्तु चोरीशिकार नियन्त्रणमा समुदाय र युवाहरुको भूमिका अहम् रहदै आएको र आगामी दिनमा समेत सक्रिय भूमिकाको निरन्तरता रहने अपेक्षा गरिएको बताउनु भयो ।

प्रकृतिको अनुपम उपहार; वन र वन्यजन्तुको संरक्षण गरी भावी पुस्तालाई सुम्पने अभिभारा र जिम्मेवारीमा हातेमालो र ऐक्यवद्धता जनाउँदै CBAPU दिवस मनाउने कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण व्यक्ति, समूह, समिति, संघ-संस्था तथा निकाय प्रति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अजय कार्की
प्रवक्ता/उप-महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०३७

मिति- २०७९/११/१९